# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः १७

मितिः २०८१।०९।०६

## भाग-२

## धार्चे गाउँपालिका

## फलफुल खेति प्रवर्धन कार्यक्रम कार्यविधि, २०८१

**प्रस्तावना :** धार्चे गाउँपालिका वडा नं. ७ फलफुल उत्पादन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको वडा हुनाले यस क्षेत्रको व्यवसयीकरण गरि प्रमुख फलफुलजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दी गरि अन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिस्चित गर्नुपर्ने भएकाले धार्चे गाउँपालिकाले यो कार्यविधि बनाएको छ।यसले कृषकहरूको आम्दानी बढाउन,स्थानीय कृषि व्यवसायलाई बलियो बनाउन र कृषि क्षेत्रमा विविधता ल्याउन मद्दत पुर्याउँछ

### परिच्छेद १
### प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम " फलफुल खेति प्रवर्धन कार्यविधि - २०८१" रहेको छ ।

२) यो कार्यविधि धार्चे गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि धार्चे गाउँपालिका वडा नं. ७ भरीलागु हुनेछ ।

### परिच्छेद २
### परिभाषा

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) “गाउँपालिका” भन्नाले धार्चे गाउँपालिकलाई सम्झनु पर्दछ ।

२) “ “शाखा प्रमुख” भन्नाले धार्चे गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

३) “गाउँ कार्यपालिका” भन्नाले धार्चे गाउँपालिका , गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

४) वडा नं. ७ भन्नाले धार्चे गाउँपालिका वडा नं. ७ लाई सम्झनु पर्दछ ।

५) “कार्यक्रम” भन्नाले फलफुल खेति प्रवर्धन कार्यक्रम सम्झनु पर्दछ ।

६) “समिति” भन्नाले यस कार्यविधिको दफा बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ ।

७) “सेवाग्राही” भन्नाले धार्चे गाउँपालिकामा वडा नं. ७ भित्र फलफुल खेतीमा संलग्न कृषकलाई सम्झनु पर्दछ ।

### परिच्छेद ३
### उद्धेश्यहरु

**३. उद्देश्यहरु :**

१) कृषकलाई उचित आर्थिक प्रोत्साहन र सहुलियत प्रदान गर्न ।

२) मल,औजार तथा कृषि सामग्रीहरू अनुदान वा रियायतमा उपलब्ध गराउने ।

३) फुलफुल खेतीमा आउने रोग र किराहरुको उपचार गर्ने ।

४) जलवायु परिवर्तनको प्रभावलाई ध्यानमा राख्दै, सस्तो र प्रभावकारी सिचाइ व्यवस्थापन प्रणालीहरूको प्रयोग गर्ने ।

## परिच्छेद-४

## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालनः** यस कार्यक्रमलाई धार्चे गाउँपालिका वडा नं. ७ वडा कार्यालयबाट शाखाबाट संचालन गरिनेछ

**५. कार्यक्रम संचालनमा मुख्य-मुख्य क्रियाकलाप र योजना**

| **क.स** | **कार्यक्रम विवरण** | **क्रियाकलापहरु** | **अनुदान प्रतिशत बढीमा** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सिंचाई | सिंचाई पाइप, फिरफिरे सिंचाई सामाग्री तथा थोपा सिंचाई सामाग्रीहरु वितरण गर्ने | ८५ | |
| २ | घेराबार र थाक्रा निर्माण | फलफुल खेति गरिरहेको छेत्रमा घेराबार र सिमेन्टको थाक्रा निर्माणको लागी अनुदान दिने | ७५ | |
| ३ | जलवायु मैत्री प्रवर्धन फलफुल खेति | प्लास्टिक टनेल, शेड नेट आदि वितरण गर्ने | १०० | |
| ४ | प्रांगारिक मल | फलफुल खेतीको लागी नाइट्रोजन, पोटास, फसफोरस जन्य आदि तत्व रहेको गुणस्तरीय प्रांगारिक मल वितरण गर्ने | १०० | |
| ५ | रोग र किरा नियन्त्रण | फलफुल खेति गर्दो जादा लागेको रोग र किराहरुको नियन्त्रण गर्ने किट तथा औषधी आवश्यकता अनुसार वितरण गर्ने | १०० | |

**६. आबेदन संकलन :**

१) दफा ६ को उपदफा (१) बमोजिम सूचना प्रकासित भएपछि कृषक / कृषक समूह/ कृषि सहकारीले वडा कार्यालयमा तल तोकिए अनुसारको कागजातसहित अनुसूची २ अनुसार निबेदन र अनुसूची ३ अनुसारको कृषक विवरण दिनु पर्नेछ

क) व्यक्तिगत निबेदन र फलफुल खेति गरेको विवरण (अनुसूची २ )

ख) वडा स्तरिय कृषि प्राबिधिक

ग) कार्यक्रम संचालन गर्ने स्थान को फोटो

घ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

ङ) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम भाडामा लिएको खुल्ने सम्झौता कागजातको प्रतिलिपि

२) धार्चे गाउँपालिकामा बसोबास गर्ने व्यक्ति , कृषि तथा पशुपन्छी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारीहरुले तोकिएको समयमा आवेदन दिन सक्नेछन ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

**७. छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुलाई अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ

२) **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ :

| | |
|---|---|
| क) वडा अध्यक्ष | - संयोजक |
| ख) वडा प्राविधिक | - सदस्य |
| ग) कृषि विकास शाखा प्रमुख | - सदस्य |
| घ) पशु प्राविधिक | - सदस्य |
| ङ) वडा सचिव | - सदस्य सचिव |

**८. छनौटका आधारहरु :**

१) छनौटका आधारहरु दर्तावाल फर्म/ सहकारी/ कृषक समुह/ कृषकको लागि अनुसूची ६ बमोजिम हुनेछ ।

२) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसुचि ६ बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ ।

## परिच्छेद ६
## कार्यक्रम संचालन

**९. जानकारी दिन पर्नेः**

१) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ ।

२) उपदफा १ अनुसार जानकारी दिदा सात दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद ७
## भुक्तानी प्रक्रिया

**११. अनुदान रकम र भुक्तानी प्रक्रियाः**

१. भुक्तानी माथी उल्लेखित अनुदान प्रतिशत बमोजिम गरिनेछ
२. भुक्तानी को मापदण्ड अनुसूची ३ को दफा ३ र ४ बमोजिम हुनेछ
२. आवेदन दिने कृषक/समूह/ फर्मले तोकीएको कागजातहरु संलग्न गरि आवेदन दिने पर्नेछ
३. छनौट समितिले अनुगमन गरि प्रमाणित गरेको प्रतिवेदन
४. व्यक्तिगत तथा कृषि गरेको विवरण (अनुसूची २)
५. अनुदान कार्यक्रम संचालन गर्ने स्थान व उत्पादित कृषि सामग्रीको  फोटो ३ प्रति
६. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

**१२. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालयले र आवश्यक खण्डमा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्नेछ ।

**१३. भुक्तानी दिन बाध्य नहुने** :

१) अनुसूची २ बमोजिम सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य
हुने छैन ।
२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-८
## बिबिध

**१४. बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

**१६. संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |

अनुसुची १

सूचना          सूचना          सूचना

यस गाउँपालिका वडा नं. ७ को आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार फलफुल खेति प्रवर्धन कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका शिर्षकहरुमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ यस गाउँपालिका वडा नं. ७ भित्र फलफुल खेति गरिरहेको ईच्छुक व्यक्ति, कृषि फार्म, कृषक समूह तथा सहकारीबाट दर्खास्त आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल बमोजिमका कागजात हरु संलग्न गरि वडा नं. ७ को वडा कार्यालय वा गाउँपालिका कार्यालय स्थीत कृषि विकास शाखामा बुझाउनु हुन अनुरोध छ।

निबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

- व्यक्तिगत निवेदन र कृषि गरेको विवरण
- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस
- अनुदान कार्यक्रम संचालन गर्ने स्थान वा उत्पादित कृषि सामग्रीको फोटो ३ प्रति
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिस
- जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनिसंग गरेको सम्झौताको प्रतिलिपि
- समूह र सहकारीको हकमा कार्यसमिति बैठकले कार्याक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

अनुसूची — २

उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकलाई विवरण

१. कृषक/फर्म/समूहको नाम :

---------------------------------------------------------------------------

२. ठेगाना :

---------------------------------------------------------------------------------

३. खेति गरिएको क्षेत्रफल / लगाएको फलफुल संख्या / लगाएको तरकारीको क्षेत्रफ़ल :

---------------------------------------------------------------------

४. लगाएको फलफुलका किसिम / तरकारीका किसिम :

-------------------------------------------------------------------------------------------------

५. गत वर्षको उत्पादन परिमाण के.जी मा

--------------------------------------------------------------------------------------------------

६. हाल वर्षको उत्पादन को परिमाण के.जी मा

--------------------------------------------------------------------------------------------------

७. आवेदन दिने परियोजनाको किसिम

--------------------------------------------------------------------------------------------------

८. परियोजनाको उधेश्य (कम्तीमा ३ बुदामा)

९. दस्तखत :

१०. सँस्था/फर्म/समूह को छाप :

## अनुसूची — ३

## फलफुल खेति पर्वर्धन कार्यक्रम संचालनको सम्झौता पत्र

धार्चे गाउँपालिका वडा नं. ७ वडा कार्यालय बाट संचालन गरिने चालु आ.व २०८१/८२ को फलफूल खेति पर्व्रधन कार्यक्रम संचालन गर्ने वडा कार्यालय (यस भन्दा अगाडी पहिलो पक्ष भनिने) र ....................................................फार्म/समूह/अन्य संस्था (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच तपशिलका शर्तहरु पालना गर्ने गरी सम्झौता गरी १/१ प्रति बुझिलियौ/दियौ।

१. सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ मानिनेछ
२. दोश्रो पक्षले स्वीकृत प्रस्तावको उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ
३. दोश्रो पक्षले ........................ खेति कम्तिमा ......................क्षेत्रफलमा लगाएको हुनपर्छ
४. अनुदान बापत रु .................. अक्षरुपि ...........................................................मा १.५% कनटिजेन्सी बापतको रु ................................ र नियमनुसार करकट्टी गरी पहिलो पक्षलाई भुक्तानी दिनेछ
५. पहिलो पक्षले नियमीत रुपमा अनुगमन गर्नेछ
६. यो सम्झौता अनुसार पहिलो पक्षले तोकीएको बमोजिम काम नभएमा दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुने छैन
७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| वडा कार्यालय तर्फ बाट | फार्म/कम्पनी/समूह/संस्था/कृषक को तर्फ बाट |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| | संस्था को छाप : |
| | मिति : |

कार्यालयको छाप :